हनफिया सामुदायिक वन उपभोक्ता समूह

भानु न.पा. १३, तनहूँ

वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशन मिति :- ०८३/०७/१६

(मध्यान्ह राष्ट्रिय दैनिक)

यस सामूदायिक वन उपभोक्ता समूहवाट आ.व. ०८०/०८१ मा संकलन गरी घाटगद्धी गरि राखेको तपसिल बमोजिमको वन पैदावार हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा समूह वाहिर लिलाम प्रकृयाद्धारा विक्री वितरणका लागि डिभिजन वन कार्यालय, तनहूंको च.नं. १३८१ मिति २०८१/१०/२७ को लिलाम सहमति पत्र तथा समूहको मिति २०८३।०६।०५ को निर्णय सहित च.नं. ३ मिति ०८३।०६।०६ को पत्र अनूसार उक्त वन पैदावार लिलाम विक्रीको लागि दोश्रो पटक यो २१ दिने सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आधारित सुचिकृत उद्योग वा फर्मलाई तपशिलका शर्तहरु पूरा हूने गरी गोप्य सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१) वन पैदावारको विवरण :

वन पैदावारको							मूल्यांकन रु		कैफियत
क्र.सं.	लट नं.	जात	किसिम	ग्रेड	थान	परिमाण (क्यू.फिट)	न्युनतम मुल्य रु. (मू.अ.कर वाहेक)	संकलन खर्च रु.	
१	१	साल	गोलिया	A	४	५८.३४	७२,९२५/-	१,०४,०५०/-	
			"	B	१९	१५५.४३	१,३९,८८७/-		
			"	C	१७	८१.३४	४८,८०४/-		
			"	D	१	२.१९	६५७/-		
		जम्मा	. —	-	४१	२९७.२९	२,६२,२७३/-	१,०४,०५०/-	

(२) बोलपत्र खरिद गर्ने, अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र समय तथा खोल्ने मिति र समय :
(क) बोलपत्र खरिद गर्ने मिति र समय : २०८३/०८/०६ गते दिनको ५ वजेसम्म ।
(ख) बोलपत्र पेश गर्ने मिति र समय : २०८३/०८/१० गते दिनको १२ वजेसम्म ।
(ग) बोलपत्र खोल्ने मिति र समयः २०८३/०८/१० गते दिनको २ वजे ।उक्त दिन विद्य परेमा सो को भोलिपल्ट हुनेछ।

(३) बोलपत्र साथ कबुल रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लि. दमौलीमा रहेको खाता नं. ०६०००१००३३५१६३०००००२ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

(४) बोलपत्र फारमको रु. १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, तनहूँबाट खरिद गर्न सकिनेछ । फाराम दस्तुर बैंक स्थित खातामा दाखिला गर्नु पर्नेछ ।

(५) लिलाम हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धिस्थानमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन ईच्छुक काष्ठ व्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, काष्ठ व्यवसायीको प्रमाणपत्रको प्रतिलिपी, वनपैदावारमा आधारित उद्योग सूचिकृत प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०८/१० गते दिनको २ बजे सम्वन्धित बोलपत्रदाता वा निजको प्रतिनिधी लगायतका साक्षीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, प्रदेश सेवा शुल्क र संकलन खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयमा जम्मा नगरे धरौटी जफत गरी क्रमश अर्को बोलपत्र सदर गरिनेछ ।

(९) बोलपत्रमा सकार रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(१०) बोलपत्र पेश गर्ने र खोल्ने स्थान यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा हुनेछ ।

(११) बोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समुहमा रहेनेछ ।

(१२) माथि उल्लेखित शर्त पूरा नभई आएका बोलपत्रलाई मान्यता दिइने छैन ।

(१३) यसमा कुनै कुरा अस्पष्ट भएमा प्रचलित वन ऐन नियम अनुसार हुनेछ । अन्य थप जानकारीको लागि समूहको कार्यलयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

.....

(जमानित दिपक)